# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल

प. सं. : २०७५।७६
च. नं. ५६३

मिति : २०७५/०९/३०

सूचना!          सूचना!!          सूचना !!!

**गोठ सुधार / बोका/ अनुदानमा वितरण सम्बन्धी सूचना**

यस नगरपालिकाको (आ.व. ०७५/७६) को वार्षिक स्विकृत पशु विकास कार्यक्रम अन्तर्गत गोठसुधार (गाई, भैंसी र बाख्रापालन) र उच्चमान प्रजनन बोका अनुदानमा वितरण गर्ने कार्यक्रम भएकोले यस नगरपालिका भित्रका इच्छुक व्यवसाय दर्ता वाला कृषकहरुले तपसील वमोजिमका कागजात सहित मिति २०७५/१०/१५ गते भित्र (कार्यक्रम अनुसार अलग अलग निवेदन) यस नगरपालिकाको कार्यालय बाघखोरमा निवेदन दर्ता गराउन हुन सम्बन्धीत सबैको जानकारीको लागि आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

**१गाई भैंसी गोठ सुधार,     लक्ष संख्या - ३**

क)पशु संख्या गाई दुहुना / ब्याउने ५ वटा हुनुपर्ने ।
ख)भैंसीको हकमा ३ ओटा ब्याउने/ ब्याएको हुनु पर्ने ।
ग)अनिवार्य पशु विमा गरेको हुनुपर्ने।
घ) सम्बन्धित निकाय घरेलु/स्थानिय निकायमा स्थाई दर्ता भईलेखा नम्बर लिएको प्रमाण पत्रको फोटोकपी पेश गर्नु पर्नेछ।
ङ) सम्भब भएमा कम्तिमा ४/५ रोपनीमा घाँस खेति गरेको वा घाँस खेति गर्ने जग्गाको लालपुर्जा वा जग्गा भाडामा (कम्तिमा ५ बर्ष) लिएको प्रमाण पेश गर्नुपर्ने।
च) दुग्ध संकलन केन्द्रमा प्रति दिन कम्तिमा १० लिटर दुध विक्री गरेको व्यहोराको दुग्ध संकलन केन्द्र बाट सिफारिस हुनुपर्ने।
छ) सम्बन्धित वडाको सिफारिस हुनुपर्ने।
ज) विगत २ बर्ष भित्र स्थानिय निकाय तथा अन्य कुनै सरकारी तथा अर्ध सरकारी निकायको अनुदान नलिएको हुनुपर्ने।
झ) हालसम्मको व्यवसाय कर चुक्ता गरेको हुनुपर्ने।
ञ) दलित, एकल महिला, महिला, जनजाति तथा विदेशबाट फर्किएको हकमा विदेशमा काम गरेको प्रमाण पत्र र पासपोर्टको प्रतिलिपि।

**२) गोठ सुधार बाख्रा,     लक्ष संख्या - ५**

क) न्युनतम प्रजनन योग्य बाख्रा २० हुनुपर्ने।
ख)अनिवार्य पशु विमा गरेको हुनुपर्ने।
ग)पशु फर्म दर्ता भएको तथा स्थाई लेखा नम्बर लिएको हुनुपर्ने।
घ)हाल सम्मको व्यवसाय कर चुक्ता गरेको हुनुपर्ने।
ङ) विगत २ वर्ष भित्र स्थानीय सरकार वा साविक जिल्ला पशु सेवा कार्यालय वा अन्य निकाय बाट यसै कार्यको लागि अनुदान नलिएको हुनुपर्ने।
च) चरन क्षेत्रको सुविधा उपलब्ध भएको हुनुपर्ने।
छ) सम्बन्धित वडाको सिफारिस।
ज) दलित, एकल महिला, महिला, जनजाति तथा विदेशबाट फर्किएको हकमा विदेशमा काम गरेको प्रमाण पत्र र पासपोर्टको प्रतिलिपि।

**३.प्रजननमानको बोका खरिद,   लक्ष संख्या ४**

क) टोल वरीपरी प्रजनन बोका नभएको हो भनि वडाको सिफारिस हुनुपर्ने।
ख)२ वर्ष भित्र स्थानिय सरकार वा साविक जिल्ला पशु सेवा कार्यालय लगायत अन्य निकायबाट अनुदान नलिएको हुनुपर्ने
ग)कम्तिमा २ बर्ष उमेर पुगेको र शारीरिक तौल २० के.जि. हुनुपर्ने।
घ) जमुनापारी वा वयर कुस जातको हुनुपर्ने।
ङ) विमा अनिवार्य गरेको हुनुपर्ने।
च)दर्ता वाला फर्मबाट खरिद गरिएको हुनुपर्ने।
छ) पशु प्राविधिकले स्वास्थ्य परिक्षण गरेको सिफारिस पत्र तथा वडाको सिफारिस पत्र पेश गर्नु पर्ने ।

..............
छबिलाल शर्मा
(वागवानी विकास अधिकृत)